# नेशनल हाईड्रो पावर कम्पनी लि.
# National Hydro Power Co. Ltd.
बिनायकनगर-१०, नयाँ बानेश्वर, काठमाडौं

## Unaudited Statement of Financial Position (Quarterly)

**As on 32nd Ashad 2082**
**Fourth Quarter ended of Fiscal Year 2081/82**

*Amount in NPR*

| Particulars | As at 32nd Ashad 2082 (Unaudited) | As at 31st Chaitra 2081 (Unaudited) | As at 31st Ashad 2081 (Audited) |
|---|---|---|---|
| **Assets** | | | |
| **Non-Current Assets** | | | |
| Property, Plant and Equipment | 26,980,319 | 27,092,158 | 26,772,475 |
| Less: Accumulated Depreciation | 17,978,614 | 17,388,337 | 15,536,653 |
| **General Assets (Net)** | **9,001,705** | **9,703,821** | **11,235,822** |
| Project Assets (Indrawati III) | 2,119,747,202 | 2,045,723,813 | 2,039,577,412 |
| Less: Accumulated Depreciation | 1,084,673,697 | 1,074,137,534 | 1,042,681,199 |
| **Project Assets (Net)** | **1,035,073,505** | **971,586,279** | **996,896,213** |
| Project Assets Under Development (Lower Indrawati) | 1,400,982,204 | 1,262,459,086 | 1,147,658,686 |
| Investment Property | 67,830,000 | 67,830,000 | 67,830,000 |
| Right to Use Assets | 697,119 | 984,524 | 754,165 |
| **Total Non-Current Assets** | **2,513,584,533** | **2,312,563,710** | **2,224,374,886** |
| **Current Assets** | | | |
| i) Trade Receivables | 19,119,574 | 19,134,972 | 32,331,289 |
| ii) Cash And Cash Equivalents | 3,119,396 | 5,390,782 | 5,270,534 |
| iii) Investment in Equity Instruments | 684,302,021 | 734,366,045 | 734,310,518 |
| iv) Other Financial Assets | 12,740,940 | 12,971,940 | 23,271,940 |
| Other Current Assets | 128,002,978 | 160,208,365 | 103,199,521 |
| **Total Current Assets** | **847,284,908** | **932,072,105** | **898,383,801** |
| **Total Assets** | **3,360,869,442** | **3,244,635,815** | **3,122,758,687** |
| **Equity and Liabilities** | | | |
| **Equity** | | | |
| Equity Share Capital | 2,467,162,915 | 2,467,162,915 | 2,467,162,915 |
| Other Equity | (89,046,320) | (86,769,398) | (92,178,955) |
| **Total Equity** | **2,378,116,596** | **2,380,393,517** | **2,374,983,960** |
| **Non-Current Liabilities** | | | |
| i) Borrowings | 491,851,975 | 481,879,611 | 349,964,250 |
| Deferred Tax Liabilities | 153,462,623 | 154,333,254 | 153,849,528.00 |
| **Total Non-Current Liabilities** | **645,314,598** | **636,212,866** | **503,813,778** |
| **Current Liabilities** | | | |
| i) Borrowings | 140,070,132 | 84,083,605 | 103,619,725 |
| ii) Other Financial Liabilities | 188,519,803 | 138,401,454 | 129,924,610 |
| Current Tax Liabilities | 516,924.93 | 477,039 | - |
| Other Current Liabilities | 8,331,389 | 5,067,334 | 10,416,615 |
| **Total Current Liabilities** | **337,438,248** | **228,029,432** | **243,960,950** |
| **Total Equity and Liabilities** | **3,360,869,442** | **3,244,635,815** | **3,122,758,687** |

**Unaudited Statement of Profit or loss and Other Comprehensive Income (Quaterly)**
**Fourth Quarter of Fiscal Year 2081/82**

| Particulars | Up to 32nd Ashad 2082 (Unaudited) | Up to 31st Chaitra 2081 (Unaudited) | Up to 31st Ashad 2081 (Audited) |
|---|---|---|---|
| Revenue From Operation | 162,894,344 | 120,099,511 | 189,374,391 |
| Cost of Sales | 77,687,603 | 52,117,632 | 81,056,276 |
| **Gross Profit** | **85,206,741** | **67,981,879** | **108,318,115** |
| Other Income | 14,761,782 | 14,663,971 | 2,042,174 |
| Depreciation and Amortisation Expenses | 45,584,078 | 34,170,232 | 44,913,179 |
| Administrative & General Expenses | 11,237,541 | 12,852,724 | 11,562,108 |
| Employee Benefit Expenses | 18,290,221 | 11,654,612 | 35,233,531 |
| **Profit/Loss From Operation** | **24,856,684** | **23,968,282** | **18,651,471** |
| Gain/(Loss) on Investment through FVTPL | (8,497) | 55,527 | 2,116,865.00 |
| Finance Costs | 21,486,658 | 17,467,722 | 26,689,305 |
| **Profit Before Bonus, Tax & CSR Expenses** | **3,361,529** | **6,556,087** | **(5,920,969)** |
| Provision for Staff Bonus | 67,231 | 131,122 | - |
| **Profit Before Tax & CSR Expenses** | **3,294,299** | **6,424,965** | **(5,920,969)** |
| Prior Period Written Back | - | - | - |
| Less: Tax Expenses | - | | |
| 1) Current Tax | 516,925 | 477,039 | (276,882.00) |
| 2) Deferred Tax Expenses/(Income) | (386,905) | 483,727 | - |
| Provision for Corporate Social Responsibility (CSR) | 31,643 | 54,642 | - |
| **Profit/(Loss) for the period** | **3,132,636** | **5,409,556** | **(5,644,087)** |
| **Other Comprehensive Income (Loss)** | | | |
| **Total Comprehensive Income For the Year** | **3,132,636** | **5,409,556** | **(5,644,087)** |

Note: 1) The above figures are subject to change as per direction of the regulatory/ External Auditors.
2) The figures for previous quarter have been restated , regrouped whereever necessary including NFRS Adjustments which might vary from previous quarter published figure.

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम १ सँग सम्बन्धित
### अनुसूची १४
### आ.व. २०८१/०८२ चौथो (आषाढ मसान्त) त्रैमासिक अवधिको विवरण

**१. वित्तीय विवरण:**

(क) आ.व. २०८१/०८२ को चौथो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ ।

(ख) न्यूनतम रुपमा प्रमुख वित्तीय विवरणहरू:

| | |
|---|---|
| प्रति शेयर आम्दानी रु. ०.१३ (वार्षिकीकरण) | प्रति शेयर नेटवर्थ रु. ९६.३३ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य रु. १३६.१४ | मूल्य आम्दानी अनुपात (PE Ratio):– १,६८५.०९ |

**२. व्यवस्थापकीय विश्लेषण:**

कम्पनीको नाफा र नगद प्रवाहमा असर पर्ने खालको घटनाहरू:

**क. इन्द्रावति तेश्रो जल विद्युत आयोजना**

यस कम्पनीले सञ्चालन गर्दै आएको इन्द्रावति तेश्रो जल विद्युत आयोजना (७.५ मेगावाट) लाई २०८१ को श्रावण र आश्विन महिनामा इन्द्रावति नदीमा आएको भिषण बाढीको कारणले गत वर्षायामको विद्युत उत्पादन घट्न गएको थियो । संरचनाहरूमा भएको क्षतिको बीमा भुक्तानी प्राप्त भएको छ । क्षति भएका संरचनाहरू तथा थप सुरक्षाको लागि अन्य संरचनाहरूको मरमत सम्पन्न गरिएको छ ।

**ख. तल्लो इन्द्रावति जल विद्युत आयोजना**

यस कम्पनीले टेन्डर मार्फत प्राप्त गरेको तल्लो इन्द्रावती जलविद्युत आयोजनाको (४.५ मेगावाट) प्राविधिक, आर्थिक, तथा वातावरणीय अध्ययन समाप्त भइसकेको छ । उक्त आयोजनाको विद्युत खरिद बिक्री सम्भौता (Power Purchase Agreement) सम्पन्न भई निर्माण अनुमति समेत प्राप्त भएको छ । यो आयोजनाको भत्किएका सुरुङ्ग तथा अन्य संरचनाहरूको पुन:निर्माण कार्य सम्पन्न भएको छ । आयोजना निर्माणको काम सुचारु छ । विद्युतीय उपकरण खरिदको प्रकृया सम्पन्न भई केही सामान आयोजना स्थल पुगिसकेको छ । आयोजना निर्माणको लागि आवश्यक वित्तीय व्यवस्थापनको लागि ज्योति विकास बैंक लि.को अगुवाइमा बनेको consortium सँग ऋण सम्भौता सम्पन्न भइ ऋण प्रवाह शुरु भएको छ । २०८२ आषाढ महिनामा मेलम्ची नदीमा आएको बाढीको कारणले आयोजना स्थलको पहुँच मार्गमा प्रभाव परेको छ, जसले गर्दा व्यापारिक उत्पादनको मिति पछि धकेलिने देखिन्छ ।

**ग. साधारण शेयर बापत भुक्तानी प्राप्त नभएको (calls in arrears) रकमको व्यवस्थापन गर्ने**

कम्पनीको शेयर सूचीकृत गर्दाको बखत देखिकै कम्पनीको हिसाब तथा शेयर रजिष्ट्रार (RTS) को अभिलेखको विश्लेषण गर्दा कम्पनीको रु.१००।– प्रति कित्ताको २२,४७० कित्ता साधारण शेयर बापत जम्मा रु.७,२५,०००।– को आंशिक भुक्तानी मात्र प्राप्त भएको देखिएकोले कम्पनीको हिसाबमा रु.१५,२२,००० भुक्तानी प्राप्त नभएको (calls in arrears) देखिंदै आएकोले सोको व्यवस्थापन सम्बन्धी दस्तावेज नेपाल धितोपत्र बोर्डमा अनुमतिको लागि पेश भएको छ ।

**घ. अन्य आयोजनामा लगानी**

१. लोअर इर्खुवा हाइड्रो पावर कम्पनी लि.: यस कम्पनीको ४५ प्रतिशत (रु ५८.७२५ करोड रुपैयाँ) लगानी शेयर अभिलेख सम्पन्न भइसकेको लोअर इर्खुवा हाइड्रो पावर कम्पनी लि.ले निर्माण गर्दै आएको तल्लो इर्खुवा जल विद्युत आयोजनाको अधिकांश निर्माण कार्य सम्पन्न भई सो आयोजनाबाट यसै वर्ष विद्युत उत्पादन गर्ने योजना छ । गत श्रावणमा आएको भीषण बाढीको कारणले आयोजनाका विभिन्न संरचनामा तथा विद्युतीय उपकरणमा समेत ठूलो क्षति पुगेकोले आयोजनाबाट विद्युत उत्पादन यहि २०८२ आश्विनसम्म सरेको छ । हालसम्म करिब आयोजनाको ९९ प्रतिशत काम सम्पन्न भई सकेको छ । यस कम्पनीको IPO को स्वीकृति नेपाल धितोपत्र बोर्डमा प्रकृयामा रहेको छ ।

२. उज्यालो इनर्जि सोल्युसन प्रा.लि.: यस कम्पनीले उज्यालो इनर्जि सोल्युसन प्रा.लि.ले प्रवर्द्धन गर्दै आएको अर्धजलाशययुक्त ३६ मेगावाटको लिखु जल विद्युत आयोजानको अध्ययन गरिरहेको छ ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण:**

यस कम्पनीले काठमाण्डौ जिल्ला अदालतमा दायर गरेको मुद्दा विचाराधिन अवस्थामा रहेको छ ।

**४. कम्पनीको शेयर कारोबार सम्बन्धी विवरण:**

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य | रु. २४४.५० | कुल कारोबार दिन | ६३ |
| न्यूनतम मूल्य | रु. २०५.१० | कुल कारोबार संख्या | २८,२९५ |
| समीक्षा अवधिको अन्तिम मूल्य | रु. २१३.८३ | कुल कारोबार शेयर संख्या | १,०१,२९,७६६ |

**५. समस्या, चुनौतिहरू तथा रणनीतिहरू:**

क. पूँजी संकलनको सम्बन्धमा: माथि उल्लेखित नयाँ आयोजनाहरूमा लगानी गर्नको लागि आवश्यक पूँजी जुटाउन कम्पनीले विभिन्न विकल्पहरूको अध्ययन गरिरहेको छ ।

ख. अन्य आयोजना वा व्यवसायका सम्बन्धमा: यस कम्पनीले अन्य उपयुक्त नयाँ जल विद्युत आयोजना वा विद्युतसँग सम्बन्धित व्यवसाय साझेदारीमा विकास गर्न विभिन्न इजाजतपत्र प्राप्त व्यक्ति तथा संस्थाहरूसँग वार्ता गरिरहेको छ ।

**६. संस्थागत सुशासन:**

यस कम्पनीले संस्थागत सुशासनलाई सदैव उच्च प्राथमिकतामा राख्दै आएको र सुशासन सम्बन्धी निर्देशन तथा परिपत्रहरूको पूर्ण रुपमा पालना गरिएको छ, साथै यसलाई अझ सुदृढ बनाउँदै लैजान यस कम्पनीको सञ्चालक समिति र व्यवस्थापन प्रतिवद्ध रहेको छ ।

**७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोष:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा पूर्ण उतरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचीत गर्न आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।